राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प. स:
च. नं. / Ref:

# प्रेस विज्ञप्ति

मिति २०७६ कार्तिक १८ गते सोमबारका दिन सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष माननीय बालानन्द पौडेलज्यूले आयोगको प्रथम बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उक्त प्रतिवेदन आयोगको कार्यालय स्थापना भएदेखि मिति २०७६ असार मसान्तसम्म सम्पादन गरिएका कार्यहरूलाई समेटेर तयार पारिएको छ। प्रतिवेदनमा नेपाल सरकारलाई राजस्व बाँडफाँड, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाडफाँड, प्रदेश सरकारलाई वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, सवारी साधन कर बाँडफाँड तथा संघ, प्रदेश र स्थानीय सरकारलाई आन्तरिक ऋणको सीमा सम्वन्धमा गरिएका सिफारिसहरू समावेश गरिएका छन्।

सो अवसरमा आयोगका माननीय अध्यक्षज्यूले प्रतिवेदनको संक्षिप्त प्रस्तुतीकरण गर्दै आयोगबाट गरिएका सिफारिसहरुबारे प्रकाश पार्नुभयो। परस्पर सहयोगमा आधारित सङ्घीयताको अवधारणा अनुसार सबैसँग सहकार्य र समन्वय गर्दै अगाडि बढ्न सकेमा संविधानमा उल्लिखित भावना बमोजिम देशमा उपलब्ध स्रोत साधन र वित्तको समन्यायिक वितरण भई सङ्घीयताको कार्यान्वयनमा सघाउ पुग्न जाने विश्वास व्यक्त गर्नुभयो।

कार्तिक १८, २०७६

प्रवक्ता एवं सहसचिव
(किशोर जङ्ग कार्की)

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वार्षिक प्रतिवेदनसम्बन्धी संक्षिप्त विवरण

- नेपालमा वित्तीय संघीयता कार्यान्वयनका लागि गठन गरिएको संवैधानिक निकाय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रथम वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरिएको छ।
- वित्तीय संघीयता अन्तर्गत राजस्व बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, आन्तरिक ऋणको सीमा, खर्च जिम्मेवारी पूरा गर्ने र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरूका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्ने जिम्मेवारी आयोगले प्राप्त गरेको छ। प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण आयोगको सिफारिस बमोजिम हुने संवैधानिक व्यवस्था रहेको छ।
- आयोगले प्राकृतिक स्रोतको परिचालन र बाँडफांट तर्फ तीन तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार, सम्भावित विवादको निवारण र वातावरणीय प्रभाव मूल्याङ्कनका सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्ने जिम्मेवारी प्राप्त गरेको छ।
- नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई सिफारिस गरिएका विषयवस्तु लगायतका काम कारवाहीहरू समावेश गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ। यस अर्थमा यस प्रतिवेदनमा एक आर्थिक वर्षभन्दा बढी अवधिका काम कारवाहीहरू समेटिएका छन।
- नेपालको संविधानले यस आयोगलाई तीन तहका सरकारका बीचमा वित्तीय र प्राकृतिक स्रोतको समन्यायिक, सन्तुलित र पारदर्शी बाँडफाँड गर्ने दायित्व प्रदान गरेको छ। वित्तीय स्रोतको बाँडफाँड न्यायोचित, वस्तुगत, सन्तुलित र पारदर्शी बनाउने अभिप्रायले आयोगले आफ्ना काम कारबाहीहरू अगाडि बढाएको र सोही बमोजिमको संवेदनशीलता अपनाएको छ।
- नेपाल सरकारले २०७४ साल पौष १३ गतेदेखि आयोगको सचिवालय स्थापना गरेपश्चात् कर्मचारी तथा कार्यालय व्यवस्थापन, तथ्याङ्क सङ्कलन लगायतका कार्यहरू सम्पादन गरिएको छ। आयोगका पदाधिकारीको नियुक्ती भइनसकेको तत्कालीन अवस्थामा वित्तीय सङ्घीयता कार्यान्वयनमा सघाउ पुर्‍याउने उद्देश्यले सचिवालयको प्रशासनिक तहको निर्णयबाट आर्थिक वर्ष २०७५/७६ का लागि वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, आन्तरिक ऋणको सीमा र सवारी साधन करको बाँडफाँट सम्बन्धमा सिफारिस गरिएको थियो।
- २०७५ साल चैत्र ७ गते आयोगमा अध्यक्षको नियुक्ती र पदबहाली भएपश्चात् संवैधानिक तथा कानूनी प्रावधान बमोजिम आर्थिक वर्ष २०७६/७७ का लागि विभिन्न विषयहरूमा सिफारिस गरिएको छ। जस अनुसार आर्थिक वर्ष २०७६/७७ मा प्रदेश सरकारबाट आफ्नो प्रदेशभित्रका स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदानका आधारहरू र सवारी साधन कर बाँडफाँड सम्बन्धमा प्रदेश सरकारलाई सिफारिस गरिएको छ। नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानका आधारहरू, र आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँड हुने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडका आधार र ढाँचा सम्बन्धी विषयमा नेपाल सरकारलाई सिफारिस गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले आर्थिक वर्ष २०७६/७७ मा परिचालन गर्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गरिएको छ।
- वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त अनुदानको आधार तथा आन्तरिक ऋणको सीमा सिफारिस गरिएकोमा तीन तहका सरकारले उपर्युक्त सिफारिसहरूलाई कार्यान्वयनमा समेत

ल्याइसकेका छन्।

- नेपालको प्रचलित कानुनका आधारमा नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा तथा प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय स्रोत हस्तान्तरण भएको छ। आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय बजेटको ३०.३० प्रतिशत हिस्सा प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुमान गरिएको छ।
- राजस्व बाँडफाँडतर्फः
  - सङ्घीय विभाज्य कोषबाट प्रदेश तथा स्थानीय तहमा राजस्व बाँडफाँड गर्नका लागि प्रदेश तथा स्थानीय तहको जनसङ्ख्या र जनसाङ्ख्यिक विवरणको अनुपातलाई ७० प्रतिशत, क्षेत्रफललाई १५ प्रतिशत, मानव विकास सूचकाङ्कलाई ५ प्रतिशत र न्यून विकास सूचकाङ्कलाई १० प्रतिशत भार दिई सिफारिस गरिएको छ। राजस्व बाँडफाँड अन्तर्गत मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कबाट उठेको राजस्वको १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँट हुने कानुनी व्यवस्था रहेको छ।
  - राजस्व बाँडफाँट तर्फ संघीय विभाज्य कोषबाट आर्थिक वर्ष २०७६/७७ मा ६४ अर्ब ३७ करोड रुपैयाँ प्रदेशमा र सोही बराबर रकम स्थानीय तहमा बाँडफाँड हुने अनुमान छ।
- वित्तीय समानीकरण अनुदानतर्फः
  - प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्र (आधार र ढाँचा) मा आधारित अनुदान गरी कुल अनुदान सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा ती तहको कार्यसम्पादनलाई समेत आधार लिइएको छ।
  - न्यूनतम समानीकरण अनुदान सिफारिसका लागि प्रदेशका हकमा प्रदेशको जनसङ्ख्या र क्षेत्रफललाई क्रमशः ५०/५० प्रतिशत भार दिईएको छ भने स्थानीय तहका हकमा स्थानीय तहको प्रकार (गाँउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका) र जनसंख्यालाई आधार मानिएको छ।
  - नेपाल सरकारबाट प्रदेशमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशको सेवा लागत सूचकाङ्कलाई ६० प्रतिशत, बहुआयामिक गरिबी सूचकाङ्कलाई १५ प्रतिशत, आर्थिक सामाजिक असमानता सूचकाङ्कलाई १५ प्रतिशत र पूर्वाधार सूचकाङ्कलाई १० प्रतिशत भार प्रदान गरिएको छ।
  - स्थानीय तहको खर्चको आवश्यकता तथा राजस्व क्षमताबीचको अन्तरलाई ७० प्रतिशत, मानव गरिबी सूचकाङ्कलाई १५ प्रतिशत, सामाजिक आर्थिक असमानता सूचकाङ्कलाई ५ प्रतिशत र पूर्वाधार सूचकाङ्कलाई १० प्रतिशत भार दिई स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न सिफारिस गरिएको छ।
  - संघीय सञ्चित कोषबाट वित्तीय समानीकरण अनुदानमा आर्थिक वर्ष २०७५/७६ मा प्रदेशमा ५० अर्ब २९ करोड ८६ लाख रुपैयाँ र स्थानीय तहमा ८५ अर्ब २० करोड ६४ लाख रुपैयाँ हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०७६/७७ मा प्रदेशलाई ५५ अर्ब ३० करोड रुपैयाँ र स्थानीय तहलाई ८९ अर्ब ९५ करोड रुपैयाँ हस्तान्तरण गर्न रकम विनियोजन भएको छ।
- सशर्त अनुदानतर्फः
  - आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ वित्तीय सङ्घीयता कार्यान्वयनका शुरुका वर्षहरू भएकाले नेपाल सरकारद्वारा साविकमा सञ्चालनमा रहेका कार्यक्रम तथा आयोजनाहरू प्रदेश

र स्थानीय तहमा हस्तान्तरण गरी सेवा प्रवाहमा निरन्तरता दिने अभिप्रायका साथ सशर्त अनुदानका आधारहरू सिफारिस गरिएको छ।

- संघीय सञ्चित कोषबाट सशर्त अनुदानमा आर्थिक वर्ष २०७५/७६ मा ६३ अर्ब १३ करोड ५५ लाख रुपैयाँ प्रदेश तर्फ र १ खर्व ९ अर्ब ८४ करोड ५६ लाख रुपैयाँ स्थानीय तहतर्फ विनियोजन भएको थियो भने आर्थिक वर्ष २०७६/७७ मा ४४ अर्ब ५४ करोड ५८ लाख रुपैयाँ प्रदेश तर्फ र १ खर्ब २३ अर्ब ८७ करोड ४१ लाख रुपैयाँ स्थानीय तहतर्फ विनियोजन भएको छ।

- <u>सवारी साधन करतर्फः</u>
  - प्रदेशबाट स्थानीय तहमा सवारी साधन कर बाँडफाँडका लागि जनसंख्यालाई ४५ प्रतिशत, सडक लम्बाइ अनुपातलाई ५० प्रतिशत र वन तथा हरियालीलाई ५ प्रतिशत भार दिई सूचकाङ्क तयार गरिएको छ।
- <u>आन्तरिक ऋणको सीमा तर्फः</u>
  - नेपाल सरकारलाई प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतको सीमाभित्र रही आन्तरिक ऋण उठाउन सिफारिस गरिएको छ भने प्रदेश तथा स्थानीय तहका लागि राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम र आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सिफारिस गरिएको छ। आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा उपयोग गर्न सिफारिस गरिएको छ।
- <u>प्राकृतिक स्रोतको बाँडफाँड तर्फः</u>
  - प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त लाभको बाँडफाँड र यसको परिचालन गर्दा लगानी तथा प्रतिफलको हिस्सा निर्धारणको आधार तयार गर्नका लागि तथ्याङ्क सङ्कलन गर्ने तथा नेपालभर उपलब्ध प्राकृतिक स्रोतको नक्साङ्कन तयार गर्ने कार्य भइरहेको छ।
  - नेपाल सरकारले पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजको परिचालनबाट उठाएको रोयल्टी रकमको २५ प्रतिशतले हुन आउने रकम सम्बन्धित प्रदेशलाई र २५ प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय तहलाई आयोगको सिफारिसमा बाँडफाँड गर्ने कानुनी व्यवस्था रहेको छ।
  - आर्थिक वर्ष २०७५/७६ मा संकलन भएको पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिज पदार्थ बाट संकलन भएको रोयल्टी बाँडफाँट गर्ने आधार तथा हिस्सा नेपाल सरकारलाई सिफारिस गरिएको छ।
  - पर्वतारोहण, विद्युत, वन र खानी तथा खनिजको रोयल्टी बाँडफाँडका लागि प्राकृतिक स्रोतको अवस्थिति, प्रभावित क्षेत्रको क्षेत्रफल र प्रभावित क्षेत्रको जनसङ्ख्यालाई आधार लिइएको छ भने वनको रोयल्टी बाँडफाँडका लागि वन स्रोतको दिगो व्यवस्थापनमा सहभागितालाई पनि आधार लिई सिफारिस गरिएको छ।
- संघीयता नेपालमा एउटा नवीन अभ्यासको रुपमा अगाडी बढिरहेको छ। संघीयतमा तीनै तहका सरकारबाट प्राकृतिक स्रोतको कुशल परिचालन, व्यवस्थापन र संरक्षण हुने सुनिश्चित गर्न र वित्तीय संघीयता कार्यन्वयनलाई थप प्रभावकारी बनाउनका लागि आयोगले आफ्नो संस्थागत क्षमता बढाउँदै जानुपर्ने देखिएको छ।
- आयोगलाई संविधान तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले सङ्घ, प्रदेश र स्थानीय तहको राजस्व सुधार सम्बन्धमा सुझाव प्रदान गर्ने जिम्मेवारी प्रदान गरेको छ। यस कार्यका लागि आयोगले आफ्नो क्षमता बढाउँदै संस्थागत रूपमा आफूलाई वित्तीय सङ्घीयताको

संवाहकको रूपमा स्थापित गर्दै जानुपर्ने देखिन्छ।

- प्रदेश र स्थानीय तहको कर प्रशासनको अनुभव कम भएको हुँदा करको सम्भाव्यतालाई पूर्ण रुपमा उपयोग गर्नसक्ने गरी उनीहरूको क्षमता विकासमा जोड दिनुपर्ने भएको छ। यसका लागि स्थानीय तहको राजस्व क्षमता वृद्धिका लागि नेपाल सरकार र प्रदेश सरकारले स्थानीय तहको क्षमता विकासमा सघाउ पुऱ्याउनुपर्ने देखिएको छ।
- मुलुकले सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीयतालाई आत्मसात गरेको अवस्थामा स्थानीय तहले प्रचलित कानुन अनुसार स्थानीय विभाज्य कोषबाट प्रदेशलाई उपलब्ध गराउनुपर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर बापतको राजस्व रकम नियमित रूपमा उपलब्ध गराउन जरुरी देखिन्छ।
- आयोगले आफ्नो कार्य सम्पादनको सिलसिलामा सबै सरोकारवालाहरूबाट समन्वय र सहयोग प्राप्त गरेको छ। यद्यपि, सिमित स्रोत र साधनको उपलब्धता, दक्ष जनशक्तिको सिमितता, आयोगका लागि अलग्गै भवनको अभाव र आयोगमा सदस्यहरूको नियुक्ति हुन बाँकी रहेको अवस्थामा पनि आयोगले उपलब्ध स्थान, स्रोत साधन र जनशक्तिबाट आफ्नो कार्य सम्पादन गरी आएको स्थिति छ।
- आगामी दिनमा समेत परस्पर सहयोगमा आधारित सङ्घीयताको अवधारणा अनुसार सबैसँग सहकार्य र समन्वय गर्दै अगाडि बढ्न सकेमा संविधानमा उल्लेखित भावना बमोजिम देशमा उपलब्ध स्रोत साधन र वित्तको समन्यायिक वितरण भई सङ्घीयताको कार्यान्वयनमा सघाउ पुग्न जाने आयोगको अपेक्षा र विश्वास रहेको छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
२०७६ साल कार्तिक।